Govt. Regd. No.:13458/071/072
PAN No.: 302178865

# BARAHI HYDROPOWER PUBLIC LTD.
# बाराही हाइड्रोपावर पब्लिक लि.

च.नं. ०७२-२०८०/०८१ मिति :- २०८०/११/२३

**श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,**
**सिंहदरवार प्लाजा, काठमाण्डौ ।**

**विषय :- हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि विद्युत नियमन आयोगबाट स्वीकृति प्राप्त भएको सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको मिति २०८०/०९/२९ गते सम्पन्न आठौं वार्षिक साधारण सभा बाट सर्वसम्मतिले पारित भएबमोजिम कम्पनीको हाल कायम रहेको कुल चुक्ता पूँजी रू. २५,००,००,०००।- (पच्चिस करोड) को १ बराबर १ अनुपातले हुने रू. २५,००,००,०००।- (पच्चिस करोड) को हकप्रद जारी गर्न विद्युत नियमन आयोग बाट स्वीकृति प्राप्त भएको व्यहोरा तहाँको जानकारीका लागि अनुरोध छ ।

**संलग्न कागजात:-**

१) हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि विद्युत नियमन आयोगबाट प्राप्त स्वीकृति पत्रको प्रतिलिपी ।

**निवेदक**

.............................
सन्दिप कुमार शर्मा पौडेल
संचालन तथा अनुपालन अधिकृत

**बोधार्थ,**

१. श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, पुललिसडक, काठमाण्डौ ।
२. श्री मुक्तिनाथ क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।

# विद्युत नियमन आयोग

(नेपाल सरकारको विद्युत क्षेत्रको नियामक निकाय)


प.सं.०८०।०८१
च.नं. ३५२

मिति: २०८०।११।२३

श्री बाराही हाइड्रोपावर पब्लिक लिमिटेड
बखुन्डोल, ललितपुर ।

**विषय : हकप्रद शेयरको सार्वजनिक निष्काशनको लागि स्वीकृति प्रदान गरिएको सम्बन्धमा ।**

प्रस्तुत विषयमा १.५० मे.वा. क्षमताको ठेउले खोला जलविद्युत आयोजनाको प्रवर्द्धक श्री बाराही हाइड्रोपावर पब्लिक लिमिटेडले हकप्रद शेयर निष्काशनको पूर्व स्वीकृतिका लागि मिति २०८०।१०।१६ मा पेश गरेको निवेदन बमोजिम कम्पनीको हालको चुक्ता पूँजी रु. २५,००,००,०००।- को १:१ अनुपातमा हकप्रद शेयर जारी गर्न विद्युत नियमन आयोग नियमावली, २०७५ को नियम ४५ बमोजिम तपसिलका शर्तहरु पालना गर्ने गरी स्वीकृति प्रदान गरिएको व्यहोरा आयोगको मिति २०८०।११।२२ को २२५ औं बैठकको निर्णयानुसार अनुरोध छ ।

**शर्तहरु:**

१. प्रचलित कानुन बमोजिम अनुमतिपत्र जारी गर्ने निकाय तथा अन्य निकायबाट सहमति लिनुपर्ने भएमा सो लिई आयोगलाई जानकारी गराउनु पर्नेछ ।

२. प्रचलित कानुन बमोजिम लाभकर लगायत अन्य कर बुझाउनु पर्ने भएमा सम्बन्धित निकायमा सो कर बुझाउनुपर्नेछ ।

३. कम्पनीले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नुपर्नेछ ।

४. तहाँ अन्तर्गतका शेयरधनीहरु मध्ये कुनै शेयरधनी विद्युत सम्बन्धी आयोजना बनाई नेप्सेमा सुचिकृत कम्पनी भएमा हकप्रद शेयर जारी गरी लगानी गर्ने भएमा आयोगको पूर्व स्वीकृति लिनुपर्नेछ ।

५. आयोगले ऐन, नियमावली, विनियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्दा सोको परिपालना कम्पनीले गर्नुपर्नेछ ।

............................
(श्यामहरि विजुक्षे )
लेखा अधिकृत

**बोधार्थ:**
श्री नेपाल धितोपत्र बोर्ड ।